हरिवन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही, मधेश प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०२ गते)

नगर अस्पताल सञ्चालनको लागि हरिवन नगर कार्यपालिका बैठकको मिति २०८२/०१/२८ गतेको निर्णयानुसार देहायको पदहरु र संख्यामा करार सेवामा कर्मचारीहरु पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले हरिवन नगरपालिकामा करारमा प्राविधिक र अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०७७/११/१५) बमोजिम दरखास्त फाराम भरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

आवेदन फाराम कार्यालयबाट वा वेवसाइट https://harionmun.gov.np बाट समेत उपलब्ध हुनेछ।

| विज्ञापन नम्वर | सेवा करारमा लिने पद (तह) | संख्या | आवश्यक न्यूनतम योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|
| ६/०८१/८२ | मेडिकल अधिकृत (आठौं) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उत्तीर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता/ नवीकरण भएको। | अन्तर्वार्ता |
| ७/०८१/८२ | सहायक पाँचौं (प्रशासन) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई रजिष्टर्ड संस्थावाट कम्तिमा तिन महिनाको कम्प्युटर सम्बन्धी तालिम लिएको। | अन्तर्वार्ता |
| ८/०८१/८२ | फार्मेसी सहायक (पाँचौं) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता/नवीकरण भएको। | अन्तर्वार्ता |
| ९/०८१/८२ | हेल्थ असिष्टेन्ट (पाँचौं) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता/नवीकरण भएको। | अन्तर्वार्ता |
| १०/०८१/८२ | स्टाफ नर्स (पाँचौं) | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता/नवीकरण भएको। | अन्तर्वार्ता |
| ११/०८१/८२ | कार्यालय सहयोगी | ३ | कम्तीमा आठ कक्षा उत्तीर्ण भएको। | अन्तर्वार्ता |
| १२/०८१/८२ | स्वीपर | ३ | साधारण लेखपढ गर्न सक्ने। | अन्तर्वार्ता |

### अन्य आवश्यक योग्यता र विवरण :

१. मेडिकल अधिकृतको हकमा २१ वर्ष र अन्यको हकमा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।

२. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको।

३. प्रचलित कानून बमोजिम अयोग्य नभएको।

४. परीक्षा मिति : आवेदन फाराम बुझाउने मिति समाप्त भएपश्चात सूचना प्रकाशन गरिनेछ।

५. परीक्षा केन्द्र : हरिवन नगरपालिका सर्लाही (नयाँ भवन)।

CamScanner

६. परीक्षा दस्तुर : आठौँ तहको रु. १०००।- (एक हजार), पाँचौ तहको रु. ७००।- (सात सय) र कार्यालय सहयोगी/स्वीपर पदको लागि रु. ३००।- (तीन सय) बुझाउनु पर्नेछ।

७. करार अवधि : सम्झौता बमोजिम।

८. पारिश्रमिक तथा सुविधा : नगरपालिकाले तोकेबमोजिम।

९. दरखास्तसाथ संलग्न हुनुपर्ने : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता/तालिमको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभव भए सोको प्रमाणित प्रतिलिपि।
पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

१०. दरखास्त फारम इमेल (info@harionmun.gov.np) मार्फत पनि पठाउन सकिने छ।

११. परीक्षा दस्तुर हरिवन नगरपालिका, राजश्व शाखा वा नेपाल बैंक लिमिटेड, हरिवन, सर्लाही शाखामा हरिवन नगरपालिकाको नाममा रहेको ग-१-१ आन्तरिक राजश्व खाता नम्वर १३२०३००००१००१००००१ मा समेत जम्मा गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

८१।२।२